आज मिति २०७८।११।०२ गते सोमबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेवठाकुर |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०७८।११।०२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा. वडा नं.३ कार्यलयबाट दयाराम महतोको छोरा दुखरन महतोलाई औषधि उपचारको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा. वडा नं.६ कार्यालयबाट मगरटोलमा रहेको बत्तिको तार ठांउठांउमा चुडिएको र बल्व विग्रिएको हुनाले मर्मतको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. वडा नं.८ बाट रामपृत महतोको ईनार छेउमा चौतार निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. वडा नं.८ बाट गणेशी महतोको ईनार छेउमा चौतार निर्माण गर्नको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.५) प्राज्ञिक विद्यार्थी परिषद नेपाल, मि.न.पा. ७ ढल्केवरबाट प्रशिक्षण कार्यक्रमको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.६) मिथिला सागर पोखरिया संरक्षण समितिबाट मिथला सागर पोखरियामा सरसफाई र मर्मत सम्भार गर्दा लागेको रकम भुक्तानीको लागि माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.७) मि.न.पा. वडा नं.७ कार्यालयबाट सडक निर्माण गर्ने क्रममा राधेश्यम महतोको घर नजिक पुरानो चपुत्रा टुटफुट भएको हुंदा सो निर्माणको लागि रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.८) मि.न.पा. वडा नं.३ कार्यालयबाट कारी महतोको जग्गामा रहेको ईनार मर्मत गर्न रकम माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.९) मि.न.पा. वडा नं.२ कार्यालयबाट रामलखन विराजीको छोरा युगल प्रसाद विराजीलाई आर्थिक सहयोगको व्यवस्था मिलाउन अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१०) मि.न.पा. वडा नं.२ बाट अर्विन यादवले अधुरो इनार निमार्ण कार्य सम्पन्न गर्नको लागि रकम व्यवस्थाको लागि माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.११) मि.न.पा. वडा नं.९ कार्यालयबाट विद्युत महशुल भुक्तानीको लागि अनुरोध भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) मि.न.पा. वडा नं.४ बाट दिनाभद्री पूजाको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१३) सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश नक्टाझिजबाट कार्यालय मर्मत सम्भारको लागि सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१४) श्री सार्वजनिक नमुना माध्यमिक विद्यालय, मि.न.पा.९ बेंगाडावरबाट SIP र विनियम स्वीकृतिको लागि पेश भएको सम्बन्धमा ।

| | |
|---|---|
| प्रस्ताव नं.१५) | मि.न.पा. वडा नं.७ बाट मंगल बहादुर विश्वकर्माले आफ्नो श्रीमती अनिता विश्वकर्मालाई मुटु सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा । |
| प्रस्ताव नं.१६) | मि.न.पा. वडा नं.४ कार्यलयबाट रामसुन्दर महतोको छोरा राम शुभक महतोको घर छेउमा रहेको खानेपानि इनार मर्मत सम्भारको लागि अनुरोध भएको सम्बन्धमा । |
| प्रस्ताव नं.१७) | मि.न.पा. वडा नं.३ कार्यालयबाट मिरादेवी विश्वकर्माको दाजु संजय कुमार विश्वकर्मालाई स्वास्थ्य उपचारको लाग आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा । |
| प्रस्ताव नं.१८) | मि.न.पा. वडा नं.७ कार्यालयबाट लाल बहादुर सिङदनलाई मुटु सम्बन्धी रोगको उपचार गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा । |
| प्रस्ताव नं.१९) | मि.न.पा. वडा नं.३ स्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट खानेपानी सञ्चालनको लाीग मिटर जडान गर्न आर्थिक सहयोग माग भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२०) | मि.न.पा. वडा नं.३ कार्यालयबाट हरिहरपुर स्थित कविर कुटि भवन निर्माण गर्न रकम व्यवस्थाको लागि माग भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२१) | मि.न.पा. वडा नं.२ कार्यालयबाट निशुल्क स्वास्थ्य शिविर संचालनको गर्न आर्थिक सहयोगको लागि सिफारिस भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२२) | श्री राष्ट्रिय आधारभूत विद्यालय वडा नं.२ नक्टाझिजबाट सितोरियो करांते प्रतियोगिता गराउनको लागि रकम व्यवस्थाको लागि अनुरोध भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२३) | मि.न.पा. वडा नं.१० कार्यालयबाट हस्त बहादुर गुरुङलाई हिडडुल गर्न नसक्ने र विरामी भै लडिरहेको हुंदा आर्थिक सहयोगको लागि अनुरोध भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२४) | मि.न.पा. वडा नं.१० कार्यालयबाट ग्राभेल भरी सडक मर्मत गर्दाको रकम भुक्तानीको लागि अनुरोध भएको सम्बन्धमा । |
| प्रस्ताव नं.२५) | युनिसेफको सहकार्यमा यस न.पा. क्षेत्रमा सञ्चालन हुने सरसफाई कार्यक्रम अन्तर्गत कार्यरत दुई जना Wash Trigger हरुको तलव भत्ता भुक्तानी गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२६) | सहयोगात्मक समाज (साहस) बाट तयार गरिएको प्रगति पुस्तीकाको स्वामीत्व ग्रहण गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२७) | यस न.पा. कार्यालयको प्रशासकीय भवन निर्माण र १५ शैया आधारभुत अस्पताल निर्माणको लागत इष्टिमेट स्वीकृत गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२८) | यस न.पा. कार्यालयको लागि स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विद्यालयमा शौचालय निर्माण गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२९) | स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न गरि स्वीकृति तथा भुक्तानीको लागि पेश भएको सम्बन्धमा । |

प्रस्ताव नं.३०) आगामी हिउदे अधिवेशन मार्फत योजना संशोधन अनुमोदन गराउने सम्बन्धमा ।

प्रस्ताव नं.३१) आगामी हिउदे अधिवेशन मार्फत न.पा. कार्यालयको हालसम्मको बेरुजु रकम नियमिति गराउने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.११९३ मिति २०७८।१०।११ को पत्रबाट दयाराम महतोको छोरा दुखरन महतो कोइरीको खुट्टामा घाउ भई उपचारको लागि बि.पी. कोइराला इन्सटिच्युट हस्पिटल, धरानमा अपरेसन समेत गराई सकेको हुंदा आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाटरु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ कार्यालयको च.नं.१४६० मिति २०७८।१०।१३ को पत्रबाट मगरटोलमा रहेको सडकबत्तिको तार ठांउठांउमा चुडिएको र बल्व विग्रएको हुनाले बल्व परिवर्तन तथा मर्मतको लागि अनुरोध भएकोमा उक्त कार्यको प्रविधिकबाट लगत इष्टिमेट तयार गराई सोही बमोजिम नगर मर्मत सम्भार कोषबाट खर्च व्यहोर्ने गरी आवश्यक मर्मत सम्भार गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ बाट रामपृत महतोको ईनार छेउमा चौतार निर्माण गर्नको लागि यस न.पा. कार्यालयमा मिति २०७८।१०।१४ मा निवेदन पेश गर्नु भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. वडा नं.८ बाट गणेशी महतोको ईनार छेउमा चौतार निर्माण गर्नको लागि यस न.पा. कार्यलयमा मिति २०७८।१०।१४ मा निवेदन पेश गर्नु भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल प्राज्ञिक विद्यार्थी परिषद नेपाल, मि.न.पा. ७ ढल्केवरको च.नं.०६ मिति २०७८।१०।१३ को पत्रबाट "एक संकल्प राष्ट्रका लागि" भन्ने २ दिवसिय प्रशिक्षण कार्यक्रम मिति २०७८।११।६ र ७ गते संचालन गर्नको लागि आर्थिक सहयोग माग भएकोमा उक्त परिषद्लाई विभिन्न समुदायहरुलाई फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मिथिला सागर पोखरिया संरक्षण समितिकबाट मिथला सागर पोखरियामा सरसफाई र मर्मत सम्भार गर्दा लागेको रकम भुक्तानीको लागि मिति २०७८।१०।१६ यस न.पा.कार्यालयमा निवेदन पेश भएकोमा उक्त कार्यको लागि मिथिला पोखरिया सागर सौन्दर्यीकरण शिर्षकबाट रु.२,६५,०००।- (अक्षरेपी दुई लाख पैंसाठी हजार मात्र) व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.१२३६ मिति २०७८।१०।१८ को पत्रबाट सडक निर्माण गर्ने क्रममा राधेश्यम महतोको घर नजिक पुरानो चपुत्रा टुटफुट भएको हुंदा सो निर्माणको लागि रकम माग भएकोमा उक्त कार्यको नगर मर्मत सम्भार कोषबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

०६।११।१२

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.११०९ मिति २०७८।०९।२६ को पत्रबाट कारी महतोको जग्गामा रहेको ईनार मर्मत गर्न रकम माग भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.७५,०००।- (अक्षरेपी पचहत्तर हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.१०९१ मिति २०७८।१०।२० को पत्रबाट राम लखन विराजीको छोरा युगल प्रसाद यादव अति विपन्न भएको हुंदा आर्थिक सहायता उपलब्ध गराउन अनुरोध भएकोमा निजलाई अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

प्रस्ताव नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा मि.न.पा. वडा नं.२ बाट अर्विन यादवले १५ कोठीको अधुरो इनारलाई २७ कोठी सम्म थप गरी निमार्ण कार्य सम्पन्न गर्न रकम व्यवस्थाको लागि यस न.पा. कार्यलयमा मिति २०७८।१०।२४ मा निवेदन पेश गर्नु भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.७५,०००।- (अक्षरेपी पचहत्तर हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा मि.न.पा. वडा नं.९ कार्यालयको च.नं.१६०० मिति २०७८।१०।२६ को पत्रबाट विद्युत महशुल रकम भुक्तानीको लागि अनुरोध भए बमोजिम उक्त वडा कार्यालयले प्रयोग गरिरहेको V.D.C Karyalaya Bengadawar, SC NO.008.18.202, consumer ID.23134 को नाममा जडान भएको विद्युत मिटरबाट वडा कार्यालय लगायत स्वास्थ्य चौकी बेंगाडावर र सामुदायिक परिवार स्वास्थ्य क्लिनिक बेंगाडावरमा समेत लाईन विस्तार भई कार्य सञ्चालन भैरहेको र हाल उक्त विद्युत मिटरको २०७८ माघ महिनाको विद्युत महशूलमा बांकी बक्यौता रहेको जम्मा रु.२,०३,९०२।- (अक्षरेपी दुई लाख तीन हजार नौ सय दुई मात्र) यथाशिघ्र भुक्तानी गर्नुहुन भनी नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र सखुवा महेन्दनगरबाट लेखि आएको हुंदा वडा कार्यलयको लागि विद्युत महशूलमा विनियोजित रकममा बांकी रहेको रु.५०,०००।- मा नपुग हुने रु.१५३९०२।- (अक्षरेपी एक लाख त्रीपन्न हजार नौ सय दुई मात्र) न.पा. कार्यालयबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ बाट भर्था मुसहरले दिनाभद्री पूजाको लागि आर्थिक सहयोग माग भएकोमा उक्त पूजाको लागि अन्य सामाजिक सहायता शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेश नक्टाझिजको च.नं.८५ मिति २०७८।१०।२६ को पत्रबाट कार्यालय मर्मत सम्भारको, रंगरोगन तथा कार्यालयमा कार्पेट फेर्नुपर्ने भएकोले आवश्यक सहयोगको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि सरकारी अर्धसरकारी कार्यलय सुद्धिधिकरण शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा श्री सार्वजनिक नमुना माध्यमिक विद्यालय, मि.न.पा.९ बेंगाडावरको च.नं.२१४ मिति २०७८।१०।२५ को पत्रबाट विद्यालय सुधार योजना SIP र विनियम, २०७८ स्वीकृतिको लागि पेश भएकोमा यस न.पा.कार्यालयको शिक्षा शाखाको राय बमोजिम उक्त विद्यालय सुधार योजना SIP र विनियम, २०७८ स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ बाट मंगल बहादुर विश्वकर्माले आफ्नो श्रीमती अनिता विश्वकर्मालाई मुटु सम्बन्धी रोग भएको र विगत पांच महिनादेखि सहिद गंगालाल अस्पताल राष्ट्रिय हृदय केन्द्र, बांसवारी, काठमाडौंमा उपचार गराइरहेको हुंदा आर्थिक सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।११।०२ मा निवेदन पेश गर्नु भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.१६ मा छलफल गर्दा मि.न.पा. वडा नं.४ कार्यलयको च.नं.४३५ मिति २०७८।११।०२ को पत्रबाट रामसुन्दर महतोको छोरा राम शुभक महतोको घर छेउमा रहेको खानेपानि इनार जिर्ण भएको हुंदा मर्मत सम्भारको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि नगर मर्मत सम्भार कोषबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१७) प्रस्ताव नं.१७ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.१२७० मिति २०७८।११।०२ को पत्रबाट मिरादेवी विश्वकर्माको दाजु संजय कुमार विश्वकर्मालाई दबै मृर्गोला फेल भै टि.यु.टिचिङ अस्पतालमा उपचार भई रहेको हुंदा आर्थिक सहयोगको लागि सिफारिस भएकोमा दाजुको स्वास्थ्य उपचारको लागि श्री मिरादेवी विश्वकर्मालाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२५,०००।- (अक्षरेपी पच्चीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१८) प्रस्ताव नं.१८ मा छलफल गर्दा मि.न.पा. वडा नं.७ कार्यालयको च.नं.१२७१ मिति २०७८।११।०२ को को पत्रबाट लाल बहादुर सिङदनलाई मुटु, मृगौला , कयान्सर र जन्डीस समेत भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले औषधी उपचारको गर्न आर्थिक सहयोगको लागि सिफारिस भएकोमा निजलाई विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१९) प्रस्ताव नं.१९ मा छलफल गर्दा मि.न.पा. वडा नं.३ स्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट खानेपानी सञ्चालनको लीगि मिटर जडान गर्न समितिसंग आर्थिक अवस्था नरहेको हुंदा सहयोगको लागि यस न.पा.कार्यालयमा मिति २०७८।१०।२७ मा निवेदन पेश गरेकोमा उक्त समितिलाई विभिन्न समुदायको लागि फर्निचर तथा फिक्चर्स खरिद शिर्षकबाट रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) मा नबद्ने गरी तोकिएको स्पेशिफिकेशन बमोजिमको विद्युत मिटर थान १ (एक) खरिद गरि हस्तान्तरण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२०) प्रस्ताव नं.२० मा छलफल गर्दा मि.न.पा. वडा नं.३ कार्यालयको च.नं.१२२१ मिति २०७८।१०।१६ को पत्रबाट हरिहरपुर स्थित कविर कुटि भवन निर्माण गर्न रकम व्यवस्थाको लागि माग भएकोमा उक्त कार्यको लागि मठ, मन्दिर गुम्बा चैत्य आदि निर्माण शिर्षकबाट रु.१,००,०००।- (अक्षरेपी एक लाख मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२१) प्रस्ताव नं.२१ मा छलफल गर्दा मि.न.पा. वडा नं.२ कार्यालयको च.नं.११३० मिति २०७८।१०।२७ को पत्रबाट श्री हिमालयक युवा क्लव, नक्टाझिजको आयोजनामा मिति २०७८।१०।२९ गते निशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भएकोले आर्थिक सहयोगको लागि सिफारिस भएकोमा उक्त कार्यको लागि विपन्न नागरिक उपचार सहायता कोषबाट रु.२०,०००।- (अक्षरेपी बीस हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२२) प्रस्ताव नं.२२ मा छलफल गर्दा श्री राष्ट्रिय आधारभूत विद्यालय वडा नं.२ नक्टाझिजको च.नं.२१।०७८ मिति २०७८।०९।०४ को पत्रबाट अन्तर विद्यालयस्तरिय सितोरियो करांते प्रतियोगिता गराउनको लागि रकम व्यवस्थाको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि रु.५०,०००।- (अक्षरेपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२३) प्रस्ताव नं.२३ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.१०९६ मिति २०७८।११।०२ को पत्रबाट हस्त बहादुर गुरुङ अशक्त तथा हिडडुल गर्न नसक्ने गरी शिकिस्त विरामी भै लडिरहेको अवस्था भएको हुंदा आर्थिक सहयोगको लागि अनुरोध भएकोमा निजलाई विपन्न नागरिक उपचार सहयाता कोषबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) उपलब्ध गराउने निर्णय पातिरत गरियो ।

निर्णय नं.२४) प्रस्ताव नं.२४ मा छलफल गर्दा मि.न.पा. वडा नं.१० कार्यालयको च.नं.१०७९ मिति २०७८।११।०२ को पत्रबाट लालभित्ती टोलमा रहेको शाखा सडकमा बनेका घरहरु विगतका वर्षामा झरी परेको वेला डुवान हुने तथा बाटो आवत जावत गर्न मुस्किल भएकोले उक्त बाटोमा ग्राभेल भरी जे.सी.भी. द्धारा बाटो बनाएको रकम भुक्तानीको लागि अनुरोध भएकोमा उक्त कार्यको लागि बिल बमोजिमको रु.६९,४९४।- (अक्षरेपी उनान्सत्तरी हजार चार सय चौरानब्बे मात्र) नगर मर्मत सम्भार कोषबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२५) प्रस्ताव नं.२५ मा छलफल गर्दा युनिसेफको सहकार्यमा यस न.पा. क्षेत्रमा सञ्चालन हुने सरसफाई कार्यक्रम अन्तर्गत कार्यरत दुई जना Wash Trigger हरु श्री पुनम महतो युनिसेफ मार्फत तलव भुक्तानी हुने गरी र कल्पना कंडारी यस न.पा. कार्यालयबाट तलव भुक्तानी हुन गरी कार्यरत रहनु भएकोमा युनिसेफबाट तलव भुक्तानीको लागि रकम निकासा नभएको हुंदा निजहरुको २०७८ श्रावण देखि २०७८ पौष महिनासम्मको तलवभत्ता वापतको रकम रु.२,५७,७६०।- (अक्षरेपी दुई लाख सन्ताउन्न हजार सात सय साठी मात्र) यसै न.पा. कार्यालयबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२६) प्रस्ताव नं.२६ मा छलफल गर्दा सहयोगात्मक समाज (साहस) र यस न.पा. कार्यालय विच भएको सम्झौता बमोजिम उक्त समाजबाट तयार गरिएको प्रगति पुस्तकको प्रस्तुतिकरण गरिएको र उक्त पुस्तकमा समावेश भएका विवरणहरु यथार्थपरक रहेको हुंदा उक्त पुस्तक स्वीकृत गरी सोको स्वामीत्व ग्रहण गर्ने र उक्त कार्यको लागि भुक्तानी सदर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२७) प्रस्ताव नं.२७ मा छलफल गर्दा यस न.पा. कार्यालयको प्रशासकीय भवन निर्माणको लागि स्वीकृत डिपिआर बमोजिम लागत इष्टिमेट रकम दश करोड भन्दा माथी रहेको र १५ शैया आधारभुत अस्पताल निर्माणको लागत इष्टिमेट बीस करोड भन्द माथी रहेको हुंदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम उक्त लागत इष्टिमेट स्वीकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२८) प्रस्ताव नं.२८ मा छलफल गर्दा यस न.पा. कार्यालयको लागि आ.व.२०७८।०७९ को स्वीकृत बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत विद्यालयमा शौचालय निर्माण कृयाकलाप रहेको हुंदा उक्त शौचालय मि.न.पा. ४, रतनपुरस्थित राष्ट्रिय आधारभूत विद्यालयमा निर्माण गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२९) प्रस्ताव नं.२९ मा छलफल गर्दा यस न.पा.कार्यालय र सभ्यता अनुसन्धान केन्द्र, भक्तपुर विच कक्षा १ देखि कक्षा ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र लेखन सम्बन्धी भएको सम्झौता बमोजिम स्थानीय पाठ्यपुस्तक लेखन कार्य सम्पन्न गरि स्थानीय पाठ्क्रम निर्माण समितिको सिफारिस साथ न.पा. कार्यपालिकाबाट स्वीकृतिको लाीग पेश भएकोमा उक्त पाठ्यपुस्तक स्वीकृत गरि सोको स्वामित्व ग्रहण गर्ने साथै उक्त कार्य वापतको रकम भुक्तानीको लागि सदर समेत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३०) प्रस्ताव नं.३० मा छलफल गर्दा मि.न.पा.का वडा कार्यालयहरु मार्फत आ.व. २०७८।०७९ को वार्षिक स्वीकृत बजेट तथा कार्यमक्रमहरु संशोधनको लागि प्राप्त भएको हुंदा आगामी हिउंदे अधिवेशन मार्फत निम्नानुसार हुने गरी योजना संशोधन अनुमोदनको लागि पेश गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३१) प्रस्ताव नं.३० मा छलफल गर्दा यस न.पा. कार्यालयको आ.व. २०७४।०७५ देखि २०७६।०७७ को वार्षिक लेखा परीक्षण प्रतिवेदनमा औल्याइएका नियमित हुन पर्ने बेरुजूहरुका सम्बन्धमा यस न.पा. कार्यपालिकाको लेखा समितिबाट दफावार छलफल गरी आवश्यक प्रमाण समेत संलग्न गरी आगामी हिउदे अधिवेशन मार्फत बेरुजु नियमिति गराउने निर्णय भएको हुंदा देहाय बमोजिमका बेरुजहरु आगामी हिउदे अधिवेशनबाट नियमिति गराउने निर्णय पारित गरियो ।